## कानेपोखरी गाउँ कार्यपालिकाको बैठक संख्याः १४२

**श्री**

नेपालको संविधानको धारा २१५ को उपधारा (२) मा व्यवस्था भए बमोजिमको कानेपोखरी गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठक गाउँ कार्यपालिकाका अध्यक्ष **श्री ताराबहादुर काफ्ले** ज्यूको अध्यक्षतामा आज मिति २०७८ साल चैत्र ११ गते शुक्रबारका दिन विहान ११.०० बजे कानेपोखरी गाउँ कार्यपालिकाको कार्यालय, बयरबन, रमाइलोको सभाहलमा देहाय बमोजिमका गाउँ कार्यपालिकाका पदाधिकारीहरुको उपस्थितिमा बसी तपसिलमा उल्लेखित प्रस्तावहरु उपर छलफल गर्दै निम्न बमोजिमका निर्णयहरु पारित गरियो।

### उपस्थिति

| सि.नं. | कानेपोखरी गाउँ कार्यपालिकाका पदाधिकारीहरुको नाम | पदाधिकारीको दर्जा | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री तारावहादुर काफ्ले | गाउँपालिका अध्यक्ष | |
| २. | श्री राजमती इङ्नाम | गाउँपालिका उपाध्यक्ष | |
| ३. | श्री दिपेश कार्की | वडा अध्यक्ष, १ नं. वडा | |
| ४. | श्री सुशील बुढाथोकी | वडा अध्यक्ष, २ नं. वडा | |
| ५. | श्री कृतिमान लिम्बु | वडा अध्यक्ष, ३ नं. वडा | |
| ६. | श्री धनबहादुर राई | वडा अध्यक्ष, ४ नं. वडा | |
| ७. | श्री चरण गुरुङ | वडा अध्यक्ष, ५ नं. वडा | |
| ८. | श्री खड्गबहादुर बस्नेत | वडा अध्यक्ष, ६ नं. वडा | |
| ९. | श्री मोहनप्रसाद अधिकारी | वडा अध्यक्ष, ७ नं. वडा | |
| १०. | श्री पदमकुमारी कार्की | गाउँ कार्यपालिका सदस्य | |
| ११. | श्री निर्मला भण्डारी | गाउँ कार्यपालिका सदस्य | |
| १२. | श्री प्रमिला परियार | गाउँ कार्यपालिका सदस्य | |
| १३. | श्री साउनी माझी | गाउँ कार्यपालिका सदस्य | |
| १४. | श्री शिवकुमार राजबंशी | गाउँ कार्यपालिका सदस्य | |
| १५. | श्री नरबहादुर धिमाल | गाउँ कार्यपालिका सदस्य | |
| | श्री सन्तोष घिमिरे, प्रमुख प्रशासकीय अधिकृत | गाउँ कार्यपालिका सचिव | |



## कानेपोखरी गाउँ कार्यपालिकाको मिति २०७८।१२।११ गते बसेको बैठकको निर्णय

अन्य उपस्थितिः

| सि.नं. | पदाधिकारी तथा कर्मचारीको नाम थर | दर्जा | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री अजित भट्टराई | लेखा अधिकृत | |
| २. | श्री अलङ गुरुङ | सूचना प्रविधि अधिकृत | |
| ३. | श्री गोविन्द प्रसाद फुयल | अधिकृत छैठौं प्रशासन | |
| ४. | श्री गणेश सुवेदी | निजी सचिव | |
| ५. | श्री चुडामणी कोइराला | MIS Operator | |
| ६. | श्री अशोक घिसिङ | क.अ. | |

**प्रस्ताव नं. (१)**

स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले कायम गरेको कुल आय र व्यय अनुमान (संशोधन) स्वीकृत गरी गाउँ सभा अधिवेशन (विशेष) मा पेश गर्ने।

**प्रस्ताव नं. (२)**

बजेट तथा कार्यक्रम तर्जुमा समितिले पेश गरेको चालु आर्थिक वर्ष २०७८।०७९ को आयोजना तथा कार्यक्रमहरु समावेश भएको कानेपोखरी गाउँपालिकाको विनियोजन ऐन, २०७८ उपर प्रथम संशोधन गर्ने विधेयक, २०७८ स्वीकृतिका लागि गाउँ सभा अधिवेशन (विशेष) मा प्रस्तुत गर्ने।

**प्रस्ताव नं. (३)**

श्री जनसेवा मा.वि. रमाइलोको नमुना विद्यालय गुरुयोजना स्वीकृत गरी भवन निर्माण आयोजनालाई बहुवर्षीय आयोजनाको रुपमा स्वीकृत गर्दै ठेक्का बन्दोबस्त प्रकृया अघि बढाउने।

**प्रस्ताव नं. (४)**

कानेपोखरी गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ उपर प्रथम संशोधन गर्ने नियमावली, २०७८ स्वीकृत गर्ने।

**प्रस्ताव नं. (५)**

निर्माणाधीन १५ शैयाको कानेपोखरी आधारभूत अस्पतालका लागि चाहिने जग्गा अधिग्रहण गर्न गाउँ सभा अधिवेशन (बिशेष) मा प्रस्ताव लैजाने।

**प्रस्ताव नं. (६)**

सवारीसाधन मर्मतको विल भुक्तानी गर्ने।

**प्रस्ताव नं. (७)**

१५ शैयाको आधारभूत अस्पताल निर्माण आयोजनाको प्रथम रनिङ विल वापतको रकम सोधभर्ना हुनेगरी भुक्तानी गर्ने।

**प्रस्ताव नं. (८)**

नागरिक आरोग्य सेवा केन्द्र स्थापना र सोको खर्च व्यवस्थापन गर्ने।

**प्रस्ताव नं. (९)**

नेपाल विद्युत प्राधिकरण, रंगेली वितरण केन्द्रको पत्रले उल्लेख गरेको विद्युत महसुल वक्यौता भुक्तानी तथा खर्च समर्थन गर्ने।

**प्रस्ताव नं. (१०)**

श्री जनकल्याण मा.वि., कानेपोखरी ७ मा पुल दरबन्दी व्यवस्थापन गर्ने।

**प्रस्ताव नं. (११)**

विभिन्न खर्च शीर्षक एवम् कोषबाट आयोजना तथा कार्यक्रम सञ्चालन गर्ने/गराउने।

**निर्णय नं. (१)**

प्रस्ताव नं. (१) माथि छलफल गर्दा कानेपोखरी गाउँपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको मिति २०७८।११।२२ गते बसेको बैठकले चालू आर्थिक वर्ष २०७८।०७९ का लागि विषयक्षेत्रगत बजेट सिलिङ सहित कायम गरेको रु. ६६,५४,६४,०००।०० (**अक्षरुपी छैसठ्ठी करोड चौवन्न लाख चौसठ्ठी हजार मात्र**) को कूल संशोधित आय र व्यय अनुमानको विषयमा यस बैठकमा जानकारी भयो र उक्त संशोधित बजेट सिलिङ नै कायम गरी आज मिति २०७८ साल चैत्र ११ गते बस्ने कानेपोखरी गाउँपालिकाको गाउँ सभा अधिवेशन (विशेष) मा पेश गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

(विषयक्षेत्रगत बजेट सिलिङ सहितको कूल आय र व्यय अनुमान स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको मिति २०७८।११।२२ गतेको बैठक पुस्तिकामा समावेश छ)

**निर्णय नं. (२)**

प्रस्ताव नं. (२) माथि छलफल गर्दा कानेपोखरी गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिको मिति २०७८।१२।०२ गते बसेको बैठकले निर्णय गरी गाउँपालिकाका अध्यक्ष ज्यू समक्ष पेश गरेको कानेपोखरी गाउँपालिकाको विनियोजन ऐन, २०७८ को प्रथम संशोधन गर्ने विधेयक, २०७८ उपर यस बैठकमा दफावार छलफल भयो र उक्त संशोधन गर्ने विधेयक, २०७८ आज मिति २०७८ साल चैत्र ११ गते बस्ने कानेपोखरी गाउँपालिकाको गाउँ सभा अधिवेशन (विशेष) को पहिलो बैठकमा स्वीकृतीका लागि पेश गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. (३)**

प्रस्ताव नं. (३) माथि छलफल गर्दा श्री जनसेवा माध्यमिक विद्यालय, कानेपोखरी ६, बयरवन, मोरङले शिक्षा तथा सामाजिक विकास शाखा मार्फत पेश गरेको नमुना विद्यालय गुरुयोजना स्वीकृत गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो। यसका साथै उक्त गुरुयोजनामा समावेश विद्यालयबाट गराइएको ३ तल्ले विद्यालय भवन निर्माण आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (DPR) मा उल्लेख गरिएको रकमको ३ तले भवन निर्माण आयोजनालाई वहुवर्षीय आयोजनाको रुपमा स्वीकृत गरी गाउँ कार्यपालिकाको

कार्यालयबाटै ठेक्का बन्दोबस्त प्रकृया अघि बढाउने र उक्त ३ तल्ले भवन निर्माण आयोजनाको विस्तृत परियोजना प्रतिवेदनमा उल्लेख भएको रकमको सीमाभित्र प्रचलित कानून बमोजिम ठेक्का बन्दोबस्त भए पश्चात् देहाय बमोजिम रकम व्यवस्थापन गरी आयोजना सञ्चालन तथा फरफारक गर्ने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

<u>देहायः</u>

"नेपाल सरकार सशर्त अनुदान मार्फत् नमुना विद्यालय गुरुयोजना कार्यान्वयनका लागि प्राप्त हुने रकम उक्त आयोजनामै खर्चिने र नपूग हुन आउने रकम गाउँपालिकाको स्रोतबाट प्रत्येक वर्ष व्योहोर्दै जाने"

**<u>निर्णय नं.</u> (४)**

प्रस्ताव नं. (४) माथि छलफल गर्दा नेपाल राजपत्रमा मिति २०७८ साल चैत्र ०३ गते प्रकाशित नेपाल सरकारबाट संघीय सार्वजनिक खरिद नियमावली, २०६४ मा भएको एघारौं संशोधन अनुकूल हुनेगरी कानेपोखरी गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ मा प्रथम संशोधन गर्न गाउँ कार्यपालिका मातहतको विधेयक समिति मार्फत पेश हुन आएको कानेपोखरी गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ उपर प्रथम संशोधन गर्ने नियमावली, २०७८ स्वीकृत गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

**<u>निर्णय नं.</u> (५)**

प्रस्ताव नं. (५) माथि छलफल गर्दा निर्माणाधीन १५ शैयाको कानेपोखरी आधारभूत अस्पताल भवनका लागि स्वीकृत डिजाइन बमोजिमको संरचना निर्माण एवम् भविष्यमा निर्माण हुने अन्य संरचना निर्माणका लागि बयरवन ६क. को कित्ता नं. १०३९ को उत्तरपट्टिको भुभागबाट तीन कठ्ठा दश धुर (०-३-१०) क्षेत्रफलको जग्गा जग्गा प्राप्ति ऐन, २०३४ मा व्यवस्था भएको प्रावधान बमोजिम मुआब्जा दिई अधिग्रहण गर्ने प्रस्ताव आज मिति २०७८ साल चैत्र ११ गते दिउँसो ३.०० बजे बस्ने कानेपोखरी गाउँपालिकाको गाउँ सभा अधिवेशन (विशेष) मा पेश गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

**<u>निर्णय नं.</u> (६)**

प्रस्ताव नं. (६) माथि छलफल गर्दा कानेपोखरी गाउँपालिकाको स्वामित्वमा रहेको तपसिल बमोजिमका सवारीसाधनहरु मर्मत/सर्भिसिङमा भएको देहाय बमोजिमको खर्च भुक्तानी गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

| सवारीसाधन | सर्भिसिङ/मर्मत मिति | सर्भिसिङ/मर्मत गर्ने फर्मको नाम र बिल नं. |
|---|---|---|
| को १ झ ५५७ | २०७८।१२।०२ | रु.३८,९०४।०० (भ्याट बिल नं ११८) सुगम ट्रेडर्स, इटहरी, सुनसरी। |
| शब वाहन | २०७८।१२।०१ | रु.२०,३४०।०० (भ्याट बिल नं ११९) सुगम ट्रेडर्स, इटहरी, सुनसरी। |

## कानेपोखरी गाउँ कार्यपालिकाको बैठक संख्याः १४२

**निर्णय नं. (७)**

प्रस्ताव नं. (७) माथि छलफल गर्दा कानेपोखरी गाउँपालिकाको १५ शैयाको आधारभूत अस्पताल भवन निर्माण आयोजनाको पूर्वाधार विकास शाखाबाट पेश हुन आएको प्रथम रनिङ विल बमोजिमको रकम नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट पछि निकासा हुने रकमबाट सोधभर्ना गर्नेगरी हाललाई गाउँपालिकाको समपूरक कोषबाट खर्च लेख्ने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. (८)**

प्रस्ताव नं. (८) माथि छलफल गर्दा कानेपोखरी गाउँपालिकामा नागरिक आरोग्य सेवा केन्द्र स्थापनाका लागि कार्यालय व्यवस्थापन र कोठा भाडाको व्यवस्थापन गाउँपालिकाको सम्बन्धित स्वीकृत बजेट शीर्षकबाट व्योहोर्ने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. (९)**

प्रस्ताव नं. (९) माथि छलफल गर्दा नेपाल विद्युत प्राधिकरण, रंगेली वितरण केन्द्र, रंगेली, मोरङको च.नं. ६०२, मिति २०७८।१२।०९ को सडक बत्तीको बक्यौता पत्रका बारेमा बैठकमा जानकारी भयो। सो सम्बन्धमा यस गाउँपालिकाबाट हालसम्म सडक बत्ती जडान नभएको तर उक्त पत्रद्वारा यस गाउँपालिका क्षेत्रभित्र देखिएको सडक बत्ती महसुल बक्यौता रकम रु. २१,८३,८४५।२० यस गाउँपालिकालाई थप आर्थिक व्ययभार नपर्ने गरी समर्थन गर्ने र सोको जानकारी नेपाल विद्युत प्राधिकरण, रंगेली वितरण केन्द्र, रंगेली, मोरङलाई जानकारी गराउने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. (१०)**

प्रस्ताव नं. (१०) माथि छलफल गर्दा कानेपोखरी गाउँ कार्यपालिकाको मिति २०७७ साल चैत्र ०३ गते बसेको बैठक (बैठक संख्या ११५) को निर्णय नं. (३) ले गरेको शिक्षक दरबन्दी मिलान सम्बन्धी व्यवस्थाका सम्बन्धमा देहाय बमोजिम गर्ने व्यवस्था मिलाउन शिक्षा तथा सामाजिक विकास शाखालाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

**देहायः**

क. श्री जनकल्याण मा.वि., कानेपोखरी ७ को रिक्त प्राथमिक तहको पुल दरबन्दी संख्या एक (१) मा भएको विज्ञापन (करार शिक्षक पदपूर्ति) लाई अनुमोदन गर्ने र आवश्यकता परेको खण्डमा शिक्षा तथा सामाजिक विकास शाखाले उक्त पुल दरबन्दी अन्यत्र विद्यालयमा मिलान समेत गर्न सक्ने।

ख. श्री जनसेवा माध्यमिक विद्यालयमा रिक्त रहेको नि.मा. दरबन्दीमा करारमा नियमानुसार पदपूर्ति प्रकृया अघि बढाउने र आवश्यकता परेको खण्डमा शिक्षा तथा सामाजिक विकास शाखाले उक्त पुल दरबन्दी अन्यत्र विद्यालयमा मिलान समेत गर्न सक्ने।

निर्णय नं. (११)

प्रस्ताव नं. (११) माथि छलफल गर्दा गाउँपालिका क्षेत्रभित्रका विभिन्न वडाबाट प्राप्त सिफारिस समेतका आधारमा देहाय बमोजिमका आयोजना तथा कार्यक्रमहरु तपसिल बमोजिमको खर्च शीर्षकबाट खर्च लेख्ने गरी सञ्चालन गर्ने व्यवस्था मिलाउन सम्बन्धित वडा समिति एवम् गांउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

| वडा नं. | योजनाको शिर्षक | विनियोजित रकम | व्योहोर्ने श्रोत |
|---|---|---|---|
| ५ | श्री मा.वि. भौसाबारीको खेलमैदान मर्मत | १५००००।०० | गाउँपालिका क्षेत्रभित्रका विभिन्न विद्यालयहरुको भौतिक पूर्वाधार निर्माणमा सहयोग |
| ७ | आइतबारे चोकबाट जनकल्याण मा.वि.मा जाने बाटो मर्मत | ५००००।०० | |
| | शहिद रत्न कुमार बान्तवा प्रथम अन्तराष्ट्रिय खुला फिडे रेटिङ बुद्धिचाल प्रतियोगिता सञ्चालन सहयोग | २५०००।०० | कार्यक्रम खर्च |
| ७ | शुक्रबारे पश्चिमतर्फ गरिमाटोल (गौरीटोल) मा सिंचाई पैनी व्यवस्थापन | १०००००।०० | कानेपोखरी वडा नं १ देखि ७ सम्मका सिँचाई बाँध पैनी निर्माण तथा मर्मत सम्भार |
| २ | चिसाङ्ग खोला राजवंशी टोल नजिक पानी निकास | २०००००।०० | विपद् व्यवस्थापन |
| ५ | बाघेझोडा स्लाप पुलको पश्चिम भागमा उत्तर दक्षिणतर्फ पुलको पंखा मर्मत | २०००००।०० | विपद् व्यवस्थापन |
| ६ | दहि नं. १ तथा भलुवा पैनी सिंचाई पैनीको मर्मत सम्हार | १०००००।०० | कानेपोखरी वडा नं १ देखि ७ सम्मका सिँचाई बाँध पैनी निर्माण तथा मर्मत सम्भार |
| ३ | बाँस पाइलिङ्ग (लक्ष्मी रणपहेलीको जग्गा आसपास) | ५००००।०० | विपद् व्यवस्थापन |
| ३ | मिलन चोक देखि पश्चिम कडिया खोलामा बाँस पाइलिङ्ग | ५००००।०० | विपद् व्यवस्थापन |
| ५ | कुल बहादुर अधिकारीको घर उत्तरपट्टी पैनी मर्मत | ५००००।०० | मर्मत सम्भार |
| १ | बिसनपुर पैनीमा बाँस पाइलिङ्ग | ५००००।०० | विपद् व्यवस्थापन |
| ३ | फाल्गुन्द चोकबाट पूर्व नर्सरी टोल जाने कृषि सडकमा ग्राभेल | ७५०००।०० | मर्मत सम्भार |
| ५ | खानेपानी विस्तार (केरौन कालीकोशी खानेपानी उपभोक्ता तथा सरसफाई समितिसँग साझेदारी) | २०००००।०० | खानेपानी विस्तार अन्तर्गत कार्यक्रम |
| २ | थानटोली बाल विकास केन्द्रको गेट निर्माण | ५००००।०० | मर्मत सम्भार |
| | धिमाल जातीय विकास केन्द्रको कार्यालय व्यवस्थापन | ५००००।०० | कार्यक्रम खर्च |
| | पथरी बहुमुखी क्याम्पस आईसिटी (ICT) व्यवस्थापनमा सहयोग | १०००००।०० | गाउँपालिका क्षेत्रभित्रका विभिन्न विद्यालयहरुको भौतिक पूर्वाधार निर्माणमा सहयोग |
| ७ | अस्थायी प्रहरी कार्यालय, कानेपोखरीलाई टर्च लाईट | २५०००।०० | कार्यालय सामान |

| | | | |
|---|---|---|---|
| ४ | पञ्चकन्या आधारभूत विद्यालय घेरावारा | १५००००।०० | गाउँपालिका क्षेत्रभित्रका विभिन्न विद्यालयहरुको भौतिक पूर्वाधार निर्माणमा सहयोग |
| ६ | विपद् सहयोग (सुर्य बहादुर मगर) | १२०००।०० | विपद् व्यवस्थापन |
| ६ | रमाइलो-कालीकोशी टोल सडक मर्मत | २०००००।०० | मर्मत सम्भार |
| ४ | रमाइलो-बयरवन सडकको पूर्व सडक (तुलसी दाहालको घर उत्तर) मर्मत | ७५०००।०० | मर्मत सम्भार |
| | कोशी अनलाइनसँग कोशी संवाद कार्यक्रम सञ्चालन | ५००००।०० | कार्यक्रम खर्च |
| ६ | पराजुली कृषि फार्मको गोठ सुधार | ५००००।०० | पशु विकास |
| ६ | कालीकोशी किर्तन मण्डलीको भवन निर्माण | १०००००।०० | भाषा, धर्म, कला, संस्कृति संरक्षण र सम्वर्द्धन |
| ६ | आदर्श समाज नेपाल वृक्षारोपण एवम् चेतनामूलक कार्यक्रम | ५००००।०० | कार्यक्रम खर्च |
| | जिल्ला समन्वय समिति मोरङको गाडी मर्मत सहयोग | ३८६७६।८३ | मर्मत सम्भार |
| २ | दलेली मोहमहाराज थानको मेला व्यवस्थापन | २००००।०० | भाषा, धर्म, कला, संस्कृति संरक्षण र सम्वर्द्धन |
| २ | मैनावारी सन्थाल समुदायको परम्परागत बाजागाजा खरिद | ५०००० | भाषा, धर्म, कला, संस्कृति संरक्षण र सम्वर्द्धन |
| ३ | हरकपुर ग्रामीण सृजना सामुदायिक वन जोड्ने सडक मर्मत | १०००००।०० | मर्मत सम्भार |
| ६ | भलुवा २ नं. पैनी मर्मत | १०००००।०० | कानेपोखरी वडा नं १ देखि ७ सम्मका सिँचाई बाँध पैनी निर्माण तथा मर्मत सम्भार |
| ६ | गैह्री टोल सडक मर्मत | १०००००।०० | |
| ३ | क्रिकेट खेल सामग्री सहयोग | २००००।०० | अन्य कार्यक्रम |
| २ | जनमत सरस्वती आ.वि.को का.स.लाई अवकासको रकम भुक्तानीका लागि निर्शत अनुदान | ४००००।०० | कर्मचारी कल्याणकारी कोष |
| २ | शिव र राधाकृष्ण मन्दिर दलेलीको रंगरोगन | १०००००।०० | मर्मत सम्भार |
| ६ | सुकुना पैनी कामत टोल उत्तर तटबन्धन | १५००००।०० | कानेपोखरी वडा नं १ देखि ७ सम्मका सिँचाई बाँध पैनी निर्माण तथा मर्मत सम्भार |
| ६ | पिपल चोक-बिहिबारे सडक मर्मत | १२५०००।०० | मर्मत सम्भार |
| २ | सत्तुबाँध मैनावारी सडक ग्राभेल | २०००००।०० | मर्मत सम्भार |
| ३ | विपद् सहयोग (बुधन ऋषिदेव) | २००००।०० | विपद् व्यवस्थापन |
| ३ | पेटीबाँध झर्कासमा बाँस पाइलिङ्ग र बोरा बाँध | १०००००।०० | विपद् व्यवस्थापन |
| ५ | ठुलोगाउँ श्रीमावि स्कुल सडक मर्मत | २८००००।०० | मर्मत सम्भार |
| सबै वडा | प्रधानमन्त्री रोजगार कार्यक्रममा बाँस पाईलिङ्ग (रोजगार सेवा केन्द्रको सिफारिस) | २०००००।०० | विपद् व्यवस्थापन |

आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।